१.अर्जुनधारा नगरक्षेत्रमा बढ्दै गईरहेको महिला हिंसा,यौनजन्य हिंसा दुर्व्यवहार तथा अपराधप्रति नगरपालिकाको गम्भिर ध्यानाकर्षण गर्दै सो को न्यूनिकरणका लागि मिति २०७५/०४/३० मा भएको सरोकारवालाहरुसँगको अन्तर्क्रिया कार्यक्रममा उठेका विषयलाई आत्मसाथ गर्दै त्यस्ता अपराधमा संलग्न अपराधीहरुलाई कानूनको दायरमा ल्याई कडा भन्दा कडा सजायका लागि जोडदार माग गर्ने ।साथै,त्यस्ता अपराधको जडका रुपमा रहेको दुव्यर्सनीहरुलाई निर्मूल पार्न र समाजमा सभ्य संस्कारको विकास गरी सुसँस्कृत समाज निर्माणका लागि समाजका सबै तह तप्कामा रहेको सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

२.जिल्ला प्राविधिक कार्यालयबाट आर्थिक वर्ष ०७५/०७६ का लागि निर्माण सामाग्री ढुवानी दर,मेसिन तथा उपकरणहरुको भाडा तथा कामदारहरुको ज्याला सम्बन्धमा जिल्ला दर रेट स्वीकृत भई आएकोमा सोही बमोजिम नगरपालिकाका योजनाहरु कार्यन्वयन गर्नेसाथै नदिजन्य पदार्थहरुको दररेट नगरपालिकाले नै निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेकाले यस नगरपालिकालाई निम्नानुसार ३ वटा ब्लकमा विभाजन गरी दूरीका आधारमा निर्धारण गर्ने ।

ब्लक नं. १ -वडा नं. १,२ र ३
ब्लक नं. २- वडा नं. ४,५,७,८
ब्लक नं. ३ -वडा नं. ६,९,१०,११

३.यस नगरपालिका क्षेत्र भित्र रहेका नदिहरुबाट नदिजन्य पदार्थ उत्खनन गर्नका लागि ठेक्का प्रक्रियामा जान तथा सिमाना जोडिएका स्थानीय तहहरुसँग ठेक्का व्यवस्थापन तथा सिमाना निर्धारण लगायतका विषयमा आवश्यक छलफल गर्नका लागि देहाय बमोजिम एक समिति गठन गर्ने:
नगर प्रमुख श्री हरिकुमार राना
नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य
प्रमुख प्रशासकीय अधिकृत श्री राधाकृष्ण खतिवडा
वडाध्यक्ष,वडा नं. १ श्री गजाधर खतिवडा
वडाध्यक्ष,वडा नं. ५ श्री ध्यानबहादुर भारती

४.यस नगरपालिका,सहारा नेपाल र ह्याविटाट नेपालको संयुक्त साझेदारीमा नगरक्षेत्र भित्रका अति विपन्न ३० घरपरिवारका लागि सुरक्षित आवास निर्माण कार्य गर्न नगरपालिकाले व्यहोर्नु पर्ने लागतका लागि प्रतिबद्धता जनाउने ।साथै,त्यस्ता ३० घरपरिवार छनौटका लागि निम्नानुसार वडाहरुबाट १०/१० वटाका दरले सिफारिस गर्ने
वडा नं. १,२ र ३ बाट १० घर
वडा नं. ४,५,७,८ बाट १० घर
वडा नं. ६,९,१०,११ बाट १० घर
उल्लेखित वडाहरुबाट एक आपसमा समन्वय गरी ३ दिनभित्र आवश्यक नामावली सिफारिस गरि पठाउने र उक्त सिफारिस नामावली उपर नगर स्तरीय अनुगमन समितिबाट अनुगमन निरिक्षण गरी निर्णयमा पुग्ने ।

५.शनिश्चरे बजारमा अव्यवस्थित रुपमा रहेका अस्थायी छाप्रा टहराहरुले बजारलाई कुरुप बनाएको र बजार व्यवस्थित हुन नसकेकाले सो बजारको उचित व्यवस्थापनका लागि शनिश्चरे बजार आसपास १कि. मि. भित्र जग्गादाताबाट नि:शुल्क जग्गा आह्वान गर्ने ।

६.निम्न बमोजिम व्यक्ति/संस्थालाई देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने ।

क्र.सं.	विवरण	रकम (रु)	कैफियत
१	ग्योलक्सी फिटनेस, विर्तामोड	३०,०००	शारिरिक सुगठन प्रतियोगितामा सहभागिताका लागि
२	नेपाल रिक्सा तथा ठेला श्रमिक संघ	१०,०००	जनचेतामूलक कार्यक्रम सञ्चालन गर्न
३	नेपाल आदिवासी जनजाति महासंघ, अर्जुनधारा न स परिषद	७५,०००	आदिवासी जनजाति दीवश कार्यक्रम सञ्चालन
४	विष्णुमाया बुढाथोकी, अर्जुनधारा २	५०००	औषधोपचार सहयोग
५	नरेन्द्र लिम्बु, अर्जुनधारा ३	५०००	औषधोपचार सहयोग

७.नेपाल नगरपालिक संघको वार्षिक शुल्क सम्बन्धमा आर्थिक वर्ष २०७१/०७२ देखिकै वार्षिक शुल्क बुझाउनु पर्ने देखिएकाले सो वापत बुझाउनु पर्ने वार्षिक शुल्क तथा सघको अधिवेशनमा सहभागिता शुल्क बापत रु ५०,०००/- (पचास हजार मात्र) बुझाउने ।

८.क्षितिज नाट्य समुहलाई छैठौं अधिवेशनका लागि रु १०,००० । सहयोग उपलब्ध गराउने ।

९.नगर प्रमुखज्यूबाट नगरपालिका कामकाजका सिलसिलामा मिति २०७५ साउन १८ बाट मिति २०७५ साउन २८ गते सम्म काठमाण्डौमा भएको भ्रमण स्वीकृत गर्ने ।

१०.चालु आर्थिक वर्ष २०७५/०७६ को विनियोजन विधेयकमा गत आर्थिक वर्षको बाँकी मौज्दात रकम समावेश नभएकाले नगर सभाबाट प्रत्यायोजित अधिकार अनुसार देहाय बमोजिमको आम्दानी तथा खर्चलाई विनियोजन विधेयकमा समावेश गरी हिसाब मिलान गर्ने ।

आम्दानी तर्फ		व्यय तर्फ	
विवरण	रकम	विवरण	रकम
बैंक मौज्दात बाँकी	१२५३२३७१	नगर कार्यपालिका भवन निर्माण भुक्तानी बाँकी	१००००००
सापटि फिर्ता	०	शनिश्चरे बजार व्यवसायिक सटर भुक्तानी	५०००००
सडक बोर्ड	२४५००००	सवारी साधन खरिद	३८०००००
रेखा खोला पुल कल्भर्ट	२५०००००	सूचना प्रविधि विस्तार	१०५२३७१
		बेल्टार खानेपानी	५००००
		नगरस्तरीय खेलकुद	५०००००
		रेडियो, टिभी, पत्रपत्रिका	५०००००
		बर्दुवाल चाँक बाट बेलटार साठिमुरे सडक	५००००
		खुदुनाबारी अजुनधारा खानेपानी उ स	१३००००
शनिश्चरे बजार व्यवसायिक सटर धरौटी	३९०००००	सिलाइ कटाइ तालिम (महिला विकास शाखा)	३०००००
जम्मा	२१३८२३७१	जम्मा	२१३८२३७१

११.यस नगरपालिकाको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पारित अन्तरिम संगठन संरचनामा कुनै फेरबदल गर्नु पर्ने भए सो को विवरण पठाउन माग भई आएकामा यस कार्यालयको आवश्यकता लाई मध्यनजर गर्दै देहाय बमोजिमको स्थायी संगठन संरचना निर्माण गर्न सुझावका रुपमा मन्त्रालय पठाउने ।

अर्जुनधारा नगरपालिकाको संगठन संरचना तथा दरबन्दी तेरिज :-

प्रमुख प्रशासकीय अधिकृत (प्र.द्वितीय (प्रशासन)

प्रशासन तथा जनशक्ति शाखा
१
- अधिकृतस्तर (प्र.) रा.प.तृतिय -१
- नायव सुब्बा(प्र) -१
- खरिदार (प्र)-१
- का.स.-२

पुर्वाधार तथा शहरी विकास शाखा
२
- इन्जिनियर (प्रा.) -२ (रा.प तृतिय छेटौ / सातौ)
- सव इन्जिनियर प्रा.-३(सहायकस्तर पांचौ/(रा.प.अंनकित प्रथम)
- अ.स.ई-५
- अमिन-२

योजना तथा अनुगमन शाखा
३
- अधिकृतस्तर (प्र.) सातौ/आठौ तह -१
- ना.सु (प्र)-१
- कम्प्युटर अपरेटर (प्रा.)-१
- खरिदार(प्र.)-१

आर्थिक प्रशासन शाखा
४
- लेखा अधिकृत -१
- लेखपाल -१
- स.लेखापाल -१

सामाजिक सुरक्षा तथा लैंगिक समावेशीकरण शाखा ५
- अधिकृतस्तर (प्र.) रा.प्र.तृतिय -१
- स.म.वि.नि. -२
- नायव सुब्बा (प्र)-१
- खरिदार (प्र)-१

कृषि शाखा
६
- अधिकृतस्तर (प्रा.)रा.प.तृतिय -१
- नायव सुब्बा (प्रा.)-२
- खरिदार (प्रा.)-१

पशु पंक्षी विकास शाखा
७
- अधिकृतस्तर (प्रा.)रा.प.तृतिय -१
- पशु स्वास्थ्य प्रा./पशु सेवा (प्रा) -२
- नायव पशु स्वास्थ्य प्रा./पशु सेवा (प्रा.)-२
- का.स. १

राजश्व शाखा
८
- अधिकृतस्तर (प्र.) रा.प.तृतिय -१
- लेखापाल-१
- सहायक क.अपरेटर-१

कानुन शाखा
९
- कानुन अधिकृत (कानुन) -१
- खरिदार (प्र.) -२

संघ /संस्था सहकारी शाखा
१०
- अधिकृतस्तर (प्र.) रा.प.तृतिय -१
- नायव सुब्बा (प्र.)-१
- खरिदार (प्र.)-१

वन, वातावरण तथा प्रकोप व्यवस्थापन शाखा
११
- अधिकृतस्तर (प्रा.) -१
- नायव सुब्बा (प्र)-१

आर्युवेद शाखा
१२
- अधिकृतस्तर (प्रा.) रा.प.तृतिय -१
- खरिदार (वैध) -१

शिक्षा युवा तथा खेलकुद शाखा
(१३)
- शाखा अधिकृत (प्र.) रा.प्र.तृतिय -१
- प्रा.स -२
- खरिदार (प्र) -१

आ.ले.प शाखा
१४
- अधिकृतस्तर (लेखा) रा.प्र.तृतिय -१
- लेखापाल (प्र)-१

जिन्सी तथा यान्त्रिक शाखा १५
- अधिकृतस्तर (प्र.) रा.प. तृतिय -१
- ना.सु (प्र.)
- खरिदार (प्र.)

स्वास्थ्य शाखा
१६
- अधिकृतस्तर (प्रा.) रा.प.तृतिय -१
- प्राविधिक सहायक -१

सूचना सञ्चार तथा प्रविध शाखा
१७
- सूचना प्रविधि अधिकृत (प्रा)-१

नोट :-११ वटा वडा कार्यालयहरुको हकमा हाललाई प्रत्येक वडामा ना.सु-१, खरिदार-१ रहने गरी प्रस्ताव गरिएको छ।